# प्रिमियर इन्स्योरेन्स कम्पनी (नेपाल) लिमिटेडको
# २८ औं वार्षिक साधारण सभा बस्ने सूचना

(प्रथम पटक प्रकाशित मिति - २०७७।०९।२९)

यस कम्पनीको मिति २०७८।०९।२८ मा बसेको संचालक समितिको ३०२ औं बैठकको निर्णयानुसार कम्पनीको २८ औं वार्षिक साधारण सभा निम्न मिति, समय तथा स्थानमा निम्न लिखित विषय उपर निर्णय गर्न बस्ने व्यहोरा शेयरधनी महानुभावहरुको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

**मिति, समय र स्थानः**

मिति : २०७८।१०।२१ (२०२२।०२।०४)

समय : बिहान ११:०० बजे ।

स्थान : प्रिमियर भवन, नक्साल, काठमाण्डौंबाट, भिडियो कन्फ्रेन्स (Virtual/Online) मार्फत सभा संचालन हुनेछ । भिडियो कन्फरेन्स मार्फत उपस्थित हुने शेयरधनीहरुलाई Meeting Id|Password उपलब्ध गराई सभामा सहभागी हुने व्यवस्था मिलाईने छ ।

**छलफलका बिषयहरुः**

**क) सामान्य प्रस्ताव :**

१। संचालक समितिको आर्थिक वर्ष २०७७।०७८ को वार्षिक प्रतिवेदन पारित गर्ने ।

२। लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०७७।०७८ को नाफा नोक्सान हिसाब, वासलात तथा नगद प्रवाह विवरण पारित गर्ने ।

३। यस कम्पनीको हालको चुक्ता पूंजीको ०.७५ प्रतिशतले हुने नगद लाभांश रकम रु ८०,५९,२००/- बोनस शेयरको कर प्रयोजनार्थ वितरण गर्ने प्रस्ताव पारित गर्ने ।

४। आ.व. २०७८।०७९ को लागि लेखापरीक्षण समितिले सिफारिस गरे बमोजिम लेखापरीक्षक नियुक्ति गर्ने तथा निजको पारिश्रमिक तोक्ने ।

५। विविध ।

**ख) बिशेष प्रस्ताव :**

१) संचालक समितिले प्रस्ताव गरे बमोजिम कम्पनीको हालको चुक्ता पुंजीको १४.२५ प्रतिशतले हुने रकम रु. १५,३१,२४,८००/- बराबरको बोनस शेयर वितरण गर्ने प्रस्ताव पारित गर्ने ।

२) कम्पनीको नियमावली संशोधन गर्ने बारे ।

३) निर्जिवन बीमा व्यवसाय गर्ने उपयुक्त कम्पनीसंग गाभ्ने, गाभिने वा प्राप्ती गर्ने सम्बन्धि सम्पूर्ण अधिकार संचालक समितिलाई प्रदान गर्ने ।

संचालक समितिको आज्ञाले<br>
कम्पनी सचिव

**साधारण सभा सम्बन्धि अन्य जानकारी**

१। वार्षिक साधारण सभा प्रयोजनको लागि मिति २०७८।१०।०५ देखि २०७८।१०।२१ सम्म कम्पनीको शेयर दाखिल खारेज बन्द रहने छ ।

२। साधारण सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले प्रतिनिधि पत्र (प्रोक्सी) फारम भरी सभा शुरु हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै कम्पनीको मुख्य कार्यालय प्रिमियर इन्स्योरेन्स कम्पनी (नेपाल) लि.को प्रिमियर भवन, नक्सालमा दर्ता गराई सक्नु पर्नेछ ।

३। शेयरधनीहरुबाट उठेको प्रश्न, जिज्ञासा वा मन्तब्यहरुको सम्बन्धमा संचालक समितिको तर्फबाट अध्यक्ष वा अध्यक्षबाट अनुमति प्राप्त व्यक्तिले जवाफ दिनेछन् ।

४। भौतिक शेयर धारण गर्नु भएका शेयरधनी महानुभावहरुलाई आफ्नो शेयर अभौतिकरण गर्न तथा नगद लाभांशको लागि आफ्नो बैंक खाता अद्यावधिक गराउनुहुन अनुरोध गर्दछौं ।

५। आ.व. ०७७।०७८ को वार्षिक प्रतिवेदन तथा वित्तिय विवरण कम्पनीको वेवसाईड www.premier-insurance.com.np मा राखिएको छ ।